रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८२।८३
सूचना नं. : १९-०८२।८३

मितिः २०८२।०८।१६

## सटर भाडामा लगाउने सम्बन्धी सूचना !

दोस्रो पटक प्रकाशित मितिः २०८२।०८।१६

सूचना !

सूचना!!

सूचना !!!

यस रघुगंगा गाउँपालिका वडा नं. ३, तिल्केनी, गलेश्वरमा रहेको तपशिल बमोजिमको यस गाउँपालिकाद्वारा निर्मित २ वटा सटर र ट्वाइलेट बाथरुम सहितको ६ वटा कोठाहरु एकमुष्ट रुपमा भाडामा लगाउनुपर्ने भएकोले ईच्छुक नेपाली नागरिक/व्यवसायी/संघ-संस्थाहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपसिलः

| क्र.सं. | कोठा संख्या | न्यूनतम दर (प्रति महिना रु.) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | ६ वटा | ८,०००.०० | १,०००.०० | |

शर्तहरुः

१. रघुगंगा गाउँपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई वा प्रभु बैंक लि. रघुगंगा शाखाको रघुगंगा गाउँपालिका आन्तरिक राजश्व खाताको खाता नं. १६३०११००२३०००१२८ मा बोलपत्र बमोजिम लाग्ने रकम (फिर्ता नहुने) जम्मा गरी बोलपत्र फाराम सूचना प्रकाशन भएको मितिले १५ दिन कार्यालय समय भित्र (अन्तिम मितिमा सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) कार्यालयबाट लिई वा कार्यालयको वेवसाइट www.raghugangamun.gov.np बाट Download गरी १६ औं दिन दिनको १२:०० बजेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/व्यवसाय/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी तथा नविकरण भएको प्रमाण संलग्न गरी बोलपत्र प्रस्ताव कार्यालयमा दर्ता गराउनुपर्नेछ । सोही दिन अपराह्न २:०० बजे दर्ता भएका शिलबन्दी बोलपत्र प्रस्ताव खोलिनेछ ।

२. प्रस्तावकले कबोल गरेको रकमको वार्षिक एकमुष्ट रकमको २० प्रतिशतले हुन आउने रकम बुँदा नं. ३ मा उल्लेखित यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा सो बराबरको बैंक जमानत बोलपत्र प्रस्ताव साथ पेश गर्नुपर्नेछ । सम्झौता अवधि समाप्त भएपछि उक्त धरौटी रकम फिर्ता गरिनेछ ।

३. बोलपत्रको स्विकृति पश्चात सम्झौता गर्न आउँदा तीन महिनाको भाडा (कबोल गरे बमोजिम) रकम यस कार्यालयको प्रभु बैंक लि. रघुगंगा शाखामा रहेको आन्तरिक राजश्व खाताको खाता नं. १६३०११००२३०००१२८ मा अग्रिम रुपमा जम्मा गर्नुपर्नेछ ।

४. भाडामा लिइएको सटरमा प्रचलित कानूनले निषेध गरेका सामानहरु भण्डारण तथा बिक्री वितरण गर्न पाइने छैन ।

५. सटर भाडा सम्झौता ३ वर्षको हुनेछ । दुई वर्षपछि १०% भाडा रकम वृद्धि गरिनेछ र तीन वर्षपछि पुनः गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

६. भाडामा लिइएको सटरको विद्युत तथा खानेपानी महशुल स्वयम् बहालवालाले तिर्नुपर्नेछ ।

७. गाउँपालिकाबाट सटर भाडाका लागि स्विकृति पाएका व्यक्तिले तेस्रो पक्षलाई सटर भाडामा दिन पाउने छैन ।

८. शिलबन्दी आवेदन स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

९. सूचना सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ र सम्झौता प्रचलित कानून बमोजिम हुनेछ ।

कुलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

श्री

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी ।

रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवाफाँट, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

**विषयः शिलबन्दी प्रस्ताव पेश गरेको बारे ।**

यस रघुगंगा गाउँपालिका वडा नं. ३, तिल्केनी, गलेश्वरमा रहेको यस गाउँपालिकाद्वारा निर्मित २ वटा सटर र ट्वाइलेट बाथरुम सहितको ६ वटा कोठाहरु एकमुष्ट रुपमा भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव आह्वान गरी यस रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प.सं. २०८२।८३, सूचना नं. १९ र मिति २०८२।०८।१६ गतेको दोस्रो पटक प्रकाशित सूचना बमोजिम तपसिल बमोजिम म/हामी जम्मा रु.................. (अक्षेरेपी रुपैयाँ ..............................................) मा सटर भाडामा लिन मञ्जुरी भएकाले धरौटी बापत रु................. (अक्षेरेपी रुपैयाँ .......................................................) को बैंक भौचर / रु. ................... (अक्षेरेपी रुपैयाँ ........................................................) को बैंक जमानत पत्र र नेपाली नागरिकताको प्रमाणपत्र(हरु)को प्रतिलिपी/व्यवसाय/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी तथा नविकरण भएको प्रमाण यसैसाथ संलग्न राखी बोलपत्र प्रस्ताव पेश गरेको छु/छौं ।

तपसिलः

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाले तोकेको न्यूनतम दर रु. | ८,०००.०० | |
| २ | बोलपत्रदाताले कबोल गरेको रकम रु. अंकमा | | |
| ३ | बोलपत्रदाताले कबोल गरेको रकम रु. अक्षरमाः अक्षेरेपी रुपैयाँ ........................................................................................ मात्र । | | |

<u>निवेदक/प्रस्तावक(हरु)को</u>

नामः

बाबुको नाम (प्रस्तावक व्यवसाय/संस्था भएमा नपर्ने):

बाजेको नाम (प्रस्तावक व्यवसाय/संस्था भएमा नपर्ने):

ठेगानाः

भाडामा लिनुको प्रयोजनः

दस्तखतः

मितिः

कुलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत